# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

☎ ०८८-४०११४६


प.सं. :- २०७७/०७८
च.नं. :-

मिति :- २०७७/०५/१४

## प्रेस विज्ञप्ति

गुणस्तरिय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनको लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी बापतको क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी विद्यमान कानूनी व्यवस्था अनुसार यस चौरजहारी नगरपालिकाले नगरपालिकामा रहेका विभिन्न व्यापार तथा व्यवसायहरुको नियमित अनुगमन गरिरहेको छ । उपभोक्ता हित संरक्षण ऐन -२०७५, उपभोक्ता हित संरक्षण नियमावली -२०७६, चौरजहारी नगरपालिका बजार अनुगमन निर्देशिका -२०७४, स्थानीय सरकार सञ्चालन ऐन -२०७४, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका -२०७०, चौरजहारी नगरपालिका स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका -२०७६ लगायतका बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी कानूनमा उल्लेखित प्रावधानहरुको कार्यान्वयनमा नगरपालिका पूर्ण रुपमा प्रतिवद्ध रहँदै उपभोक्ता अधिकार संरक्षण गर्न नगरपालिकाले आफ्नो क्षेत्राधिकार अनुसारको जुनसुकै कदम चाल्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

अनुगमनको क्रममा अधिकांश निजी स्वास्थ्य संस्थाहरु व्यवसाय दर्ता र अनुमति बेगर गैरकानूनी ढङ्गले सञ्चालन भएको तथा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices) **सञ्चालन गरेको** पाइएकोले ती स्वास्थ्य संस्थाका सञ्चालक तथा सरोकारवाला सबैलाई सो सम्बन्धमा भएको कानूनी व्यवस्थाको बारेमा नगरपालिका जानकारी गराउन चाहन्छ ।

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा ३ को उपदफा (१) मा यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्न नपाइने व्यवस्था छ भने उपदफा (२) मा स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र

चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
☎ ०८८-४०११४६

क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई अनुमति पत्रमा उल्लेखित सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । ऐ निर्देशिकाको दफा (३क) मा कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारवाहीको लागि नियामक निकायले गृह मन्त्रालय मार्फत् वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालकलाई भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख राखिनेछ भन्ने व्यवस्था छ । ऐ निर्देशिकाको दफा ४ मा स्वास्थ्य संस्थाले दफा ३ बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा तोकिएको गुणस्तरको सुनिश्चितता गर्नुका साथै उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछ भन्ने व्यवस्था छ । ऐ निर्देशिकाको दफा ७ मा यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि अनुसूची ३ बमोजिमको ढाँचामा मनसाय पत्रको लागि निवेदन दिनुपर्ने व्यवस्था छ भने दफा ८ मा पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ४ (स्वास्थ्य क्लिनिक, रेडियो ईमेजिङ सेवा तथा पोलि क्लिनिकको हकमा अनुसूची ५) बमोजिमको ढाँचामा अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिन सक्ने र गुणस्तर तथा मापदण्ड पूरा हुने सुनिश्चितता भएमा स्वास्थ्य संस्था सञ्चालनको लागि पाँच वर्षको लागि अनुमति दिन सकिने व्यवस्था रहेको छ । ऐ निर्देशिकाको दफा ९ मा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमको प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ भन्ने व्यवस्था छ ।

ऐ निर्देशिकाको दफा १० मा यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएको स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिमको तोकिएको पूर्वाधार तथा मापदण्ड कायम गर्ने

प्रयोजनको लागि यो निर्देशिका प्रारम्भ भए पछि जारी सार्वजनिक सूचनामा तोकेको अवधिभित्र पूर्वाधार तयारी योजना (भवन प्रबलीकरण वा नयाँ निर्माण योजना) सहित सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिनु पर्ने र गुणस्तर, मापदण्ड पूर्वाधार पूरा भएको खण्डमा अनुमति दिन सकिने व्यवस्था छ । ऐ निर्देशिकाको दफा १२ मा यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नवीकरणका लागि निवदेन दिनु पर्ने व्यवस्था छ । ऐ निर्देशिकाको दफा १३ मा स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वःमूल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकायमा तोके बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था छ ।

ऐ निर्देशिकाको दफा २२ मा स्वास्थ्य क्लिनिक/पोलिक्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुको बारेमा उल्लेख छ, जसको (१) मा क्लिनिकमा स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बधित काउन्सीलमा दर्ता भएको हुनुपर्ने, (२) मा परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तिर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्ने, (३) मा पोलिक्लिनिकमा रेडियोलोजी इमेजिङ्ग सेवा, प्रयोगशाला तथा औषधि उपचार सेवा संचालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्ने, (४) मा स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि विभिन्न आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्ने, (५) मा सेवा र बिषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्ने, (६) मा बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर हुनुपर्ने, (७) मा क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलीकृत गर्ने व्यवस्था हुनुपर्ने व्यवस्था छ । ऐ निर्देशिकाको ऐ दफाको उपदफा (५) मा क्लिनिकमा काम गर्ने अन्य व्यक्तिको योग्यताको

प्रमाणप्रत्र र सम्बन्धित परिषद्धा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्ने र उपदफा (६) मा सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्ने लगायतका मापदण्डहरु तोकिएको छ । ऐ निर्देशिकाको दफा २८ मा अन्य कुराका अतिरिक्त नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सञ्चालन अनुमति नवीकरण नहुने व्यवस्था छ । जुन कुरा चौरजहारी नगरपालिका स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति सम्बन्धी निर्देशिका, २०७६ मा समेत उल्लेख गरिएको छ ।

माथि उल्लेखित स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका -२०७०, चौरजहारी नगरपालिका स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका -२०७६ एवम् उपभोक्ता हित संरक्षण सम्बन्धी प्रचलित कानूनहरुको उल्लङ्घन गर्ने अनुसूची १ मा उल्लेखित स्वास्थ्य संस्थाहरुले प्रचलित कानूनमा भएको व्यवस्था अनुरुप गुणस्तर तथा पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड पूरा गरी कानून बमोजिमको निकायबाट व्यवसाय दर्ता गराई तोकिए बमोजिम स्वास्थ्य संस्था सञ्चालन अनुमति नलिएसम्मको लागि सिल गरिएको र निर्देशिकामा उल्लेखित समयावधिभित्र उल्लेखित कार्य नगरेमा अनुसूची १ मा उल्लेखित निजी स्वास्थ्य संस्था पूर्ण रुपमा बन्द गराइनेछ ।

अनुसूची १ मा उल्लेख भए बाहेकका अन्य निजी स्वास्थ्य संस्थाको समेत अनुगमन जारी रहेको र मापदण्ड विपरित चलेको पाइएमा ती स्वास्थ्य संस्थाहरु समेत सिल गरिनेछ । स्वास्थ्य संस्थाका अतिरिक्त अन्य व्यापार/व्यवसायहरुको समेत नियमित तथा आकस्मिक अनुगमन चलिरहेको, पहिलो चरणको अनुगमनमा औंल्याईएका विषयवस्तु र निर्देशनहरुको पूर्ण रुपमा पालना गर्न चेतावनी दिइएको व्यहोरा जानकारी गराउँदै तोकिएको समयावधिभित्र अनुगमन टोलीले दिएका निर्देशन र सुझावहरु पालना नगर्ने एवम् उपभोक्ता हक, अधिकार र स्वास्थ्यमा खेलवाड गर्ने व्यापारी तथा व्यवसायिहरुलाई प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गरिने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत् जानकारी गराइन्छ ।

संविधानत् स्थानीय तहलाई प्राप्त आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी अधिकारको पूर्ण कार्यान्वयन गर्ने, यसको लागि ९ वटा वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत् स्वास्थ्य

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
☎ ०८८-४०११४६


सेवा प्रदान भइरहेको, चौरजहारी नगरपालिका वडा नं. ७ मा प्राथमिक स्वास्थ्य सेवा केन्द्र मार्फत् स्वास्थ्य सेवा उपलब्ध भइरहेको, वडा नं. १४, ११, ६ र ५ मा स्वास्थ्य चौकीहरु मार्फत स्वास्थ्य सेवा उपलब्ध भइरहेको एवम् साविक नुवाकोट गाविस, पूर्तिमकाडाँ गाविस र खोलागाउँ गाविस ( हालका वडा नं. ६, १०, ११, १२, १३ र १४) का जनतालाई पायक पर्ने गरी केही दिनमै कम्तिमा ५ शैयाको नगर अस्पताल सञ्चालनमा ल्याउने तयारी समेत भइरहेको सबैमा जानकारी गराइन्छ । उल्लेखित स्वास्थ्य संस्थाहरुबाट प्रदान हुने सेवाहरुको सम्बन्धमा कुनै गुनासा भए तुरुन्त सम्बन्धित वडा कार्यालय वा नगरपालिकामा सम्पर्क गर्न वा मोवाइल नं. ९८५७८२६१११ मा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

अन्त्यमा, अनुगमनको कार्यमा साथ र सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सुरक्षाकर्मी, उपभोक्ता, सञ्चारकर्मी एवम् आम जनसमुदायप्रति नगरपालिका पूर्ण रुपमा कृतज्ञ हुँदै आगामी दिनहरुमा समेत सबैको साथ र सहयोग हुने अपेक्षा प्रकट गर्दछ ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

अनुसूची १

## गुणस्तर र पूर्वाधार निर्माण लगायतका मापदण्डहरु पूरा नगरी सञ्चालित नगरपालिकाबाट सिल गरिएका गैरकानूनी निजी स्वास्थ्य संस्थाहरुको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | सन्चालकको नाम | ठेगाना | अनुगमनमा देखिएको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १ | लाइफ मेडीको फर्मा | लोकेन्द्र के.सी | चौ.न.पा.११ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| २ | ध्रुब पोलिकिल्निक | ध्रुब के.सी. | चौ.न.पा.७ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| ३ | ममता मेडिकल क्लिनिक | ममता खड्का | चौ.न.पा.७ | नगरपालिकामा कार्यरत कर्मचारीद्धारा सञ्चालित | |
| ४ | नाम नै नभएको | यमुना अधिकारी | चौ.न.पा.७ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| ५ | त्रिवेणि मेडिकल | योगेश वस्नेत | चौ.न.पा.२ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | सन्चालकको नाम | ठेगाना | अनुगमनमा देखिएको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ६ | नाम नै नभएको | बीर बहादुर खड्का | चौ.न.पा.१२ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| ७ | जीवन रक्षा मेडिकल | प्रेम के.सी. | चौ.न.पा.१२ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| ८ | नाम नै नभएको | तिलक डाँगी | चौ.न.पा.१४ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| ९ | नाम नै नभएको | निर्मला ओली | चौ.न.पा.६ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| १० | संगम मेडिकल | मान बहादुर कुमाल | चौ.न.पा.७ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |
| ११ | समिक्षा मेडिकल | भरतजंग मल्ल | चौ.न.पा.९ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | सन्चालकको नाम | ठेगाना | अनुगमनमा देखिएको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १२ | देविका मेडिकल हल | धनिराम पुन | चौ.न.पा.१ १ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम दर्ता, अनुमति, गुणस्तर, पूर्वाधार, जनशक्ति सम्बन्धी मापदण्ड कुनै नभएको । | |

२०८०/०८/१४
राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत